# खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

दार्मा गाउँपालिका,
सल्यान
कर्णाली प्रदेश
नेपाल

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -८** **सङ्ख्या : ८** **मिति : २०८१/१२/१०**

**भाग -२**

## दार्मा गाउँपालिका

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८१/१२/१०

प्रमाणिकरण मिति : २०८१/१२/१०

# खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

**<u>प्रस्तावना</u>:** यस दार्मा गाउँपालिकामा स्थापित सेवा सहायता केन्द्रबाट मर्मत सम्भार आवश्यक भएका आयोजनाको पहिचान, आयोजना मर्मत सम्भारका लागि सिफारिस र मर्मत सम्भार कोषको परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिहरु निर्धारण गर्न वाञ्छनीय भएकाले,

दार्मा गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को दफा ३२ खण्ड (ग) को कार्यान्वयनका लागि सोहि ऐनको दफा ६२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

**१.** **<u>संक्षिप्त नाम, कार्यक्षेत्र र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "खानेपानी तथा सरसफाइ योजना मर्मत संभार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहने छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि यस गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

**२.** **<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) "उपभोक्ता" भन्नाले योजना निर्माणमा योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजना निर्माणमा सहभागि नभएता पनि निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम धारावाट पानी उपभोग गर्न समावेश भएको व्यक्तिलाई जनाउँछ।

(ख) "उपभोक्ता समिति" भन्नाले यस गाउँपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने खानेपानी आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन तथा व्यवस्थापन गर्न बनेको संगठन भन्ने सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० सम्झनु पर्दछ।

(घ) "कार्ययोजना" भन्नाले गाउँपालिका भित्र रहेका योजनाहरुको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि प्राविधिक विवरणहरुका आधारमा तयार गरिएको जिम्मेवारी सहितको सम्पत्ति व्यवस्थापन कार्ययोजना वा मर्मत सम्भार व्यवस्थापन कार्ययोजनालाई जनाउँछ।

(ङ) "केन्द्र" गाउँपालिकामा स्थापित खानेपानी सेवा सहायता केन्द्र सम्झनु पर्दछ।

(च) "ग्रामिण मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि उपभोक्ता समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ।

(छ) "मार्गदर्शन" भन्नाले नेपाल सरकार खानेपानी तथा ढल ब्यबस्थापन विभागद्वारा जारी गरिएको ग्रामिण खानेपानी सेवा केन्द्र सञ्चालन मार्गदर्शन,२०८० सम्झनु पर्दछ।

(ज) “योजना” भन्नाले खानेपानी तथा सरसफाइ योजनालाई जनाउँछ।

(झ) “सरोकारवाला” भन्नाले खानेपानी प्रणाली संग सम्बन्धित आन्तरिक तथा बाह्य सरोकारवालाहरुलाई जनाउंछ।

(ञ) “समिति” भन्नाले ऐनको दफा ३१ अनुसार गठित खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिलाई नै जनाउँछ।

## परिच्छेद २
## मर्मत सम्भार कोष व्यवस्थापन समिति

३. **मर्मत सम्भार कोष व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**: मर्मत सम्भार कोषको सञ्चालन तथा व्यवस्थापन ऐन २०८० को दफा ३१ बमोजिमको देहायको समितिले गर्नेछ।

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

(ग) गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वाश) इकाई प्रमुख -सदस्य

(घ) गाउँपालिकाको प्राबिधिक शाखा प्रमुख/सिभिल इन्जीनियर एक जना -सदस्य

(ङ) गाउँपालिकामा कार्यरत विकास साझेदार संस्थाबाट एक जना प्रतिनिधि -सदस्य

(च) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

४. **समितिको काम कर्तव्य र अधिकार**: दफा ३ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन;

(क) गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको व्यवस्थापन सुचना प्रणाली स्थापना गरी खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापन सम्बन्धी सुचना तथा तथ्याङ्कको व्यवस्थापन गरी अध्यावधिक गर्ने, गराउने।

(ख) अनुगमन तथा मूल्याङ्गन पद्धति स्थापना गरी खानेपानी तथा सरसफाइ योजनाहरुको मर्मत सम्भार तथा सञ्चालन व्यवस्थापनको आवधिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ग) खानेपानी योजनाहरुको मर्मत सम्भार तथा सञ्चालनको व्यवस्थापनमा आवश्यक सहयोग गर्ने,

(घ) मर्मत सम्भार तथा सञ्चालन कोष बृद्धि गराउन सम्बन्धित सरोकारवालाहरुलाई प्रोत्साहित गर्ने,

(ङ) स्वीकृत कार्ययोजनाका आधारमा मर्मत संभार गर्नु पर्ने क्षेत्रहरुको पहिचान गरी निश्चित मापदण्ड तयार गरी सो अनुसार प्राथमिकाकरण गर्ने।

(च) सम्बन्धित योजनाको मर्मत सम्भार तथा सञ्चालनको व्यवस्थापनको अवस्थाको आधारमा उपभोक्ता समितिलाई पुरस्कार तथा दण्डको पद्धति स्थापना गरी कार्यान्वयनमा ल्याउने,

(छ) बिभिन्न विकास साझेदार तथा संघ र प्रदेश सरकारसँग भएका सम्झौता, मार्गदर्शनको कार्यान्वयनका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने,

(ज) मर्मत सम्भार तथा सञ्चालन कोषको छुट्टै वित्तिय विवरण तयार गरी सोको आन्तरिक लेखापरिक्षण गराउने,

(झ) अर्धवार्षिक रुपमा मर्मत सम्भार तथा सञ्चालन कोषको ब्यबस्थापनको प्रगति विवरण तयार गरी यसको वार्षिक समिक्षा प्रतिवेदन तथा सोसंग सम्बन्धित वित्तिय विवरणहरु समेत तयार गरी, गराई गाउँपालिकामा पेश गर्ने।

(ञ) केन्द्रको प्राविधिक सहयोगमा तयार गरेको मर्मत सम्भार सम्बन्धि प्राविधिक विवरण तथा खानेपानी प्रणालीसंग सम्बन्धित अनुमानित बजेटलाई अनुमोदान गर्ने।

(ट) मर्मत सम्भार व्यवस्थापन समितिले केन्द्रसंगको समन्वयमा उपभोक्ता समिति, गाउँपालिका, प्रदेश सरकार वा संघीय सरकार कसको उत्तरदायित्व के हो यकिन गरी मर्मत सम्भार कोषको उपयुक्त व्यवस्थापन गर्नेछ।

५. **व्यवस्थापन समितिको बैठक तथा अन्य व्यवस्था**: (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको बैठक कम्तिमा २ महिनामा एक पटक वा आवश्यकता बमोजिम बस्नेछ।

(२) समितिको बैठकमा आवश्यकता अनुसार खानेपानी क्षेत्रमा सहकार्य गर्नका लागि विषय विज्ञ, सरोकारवाला सामाजिक संस्था, विकास साझेदारका थप प्रतिनिधि वा अन्य कुनै पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

६. **प्राविधिक टोली वा कार्यदल गठन गर्न सक्ने:** मर्मत सम्भार कार्यका सम्बन्धमा बिशेष अध्ययन गर्न आवश्यक भएमा समितिले एक प्राविधिक टोली वा कार्यदल गठन गर्न सकिनेछ।

७. **वडा समितिको दायित्व**: वडा भित्रको खानेपानी प्रणालीको मर्मत सम्भार सम्बन्धी कार्यमा उपभोक्ता समितिको लागत साझेदारीको सुनिश्चिता गराउने, उपभोक्ता परिचालन गर्ने गराउने कार्यमा सहजीकरण, तथ्यांक व्यवस्थापन, गाउँपालिका स्तरीय समितिलाई आवश्यक सुझाव तथा सिफारिस गर्ने दायित्व वडा समितिको हुनेछ।

## परिच्छेद ३

## मर्मत सम्भारका योजना छनौट सम्बन्धी

८. **योजनाको पहिचान**: (१) कुनै पनि उपभोक्ता संस्था वा उपभोक्ताले **अनुसूची १** को ढाँचामा गाउँपालिकाको केन्द्रमा आयोजना मर्मतका लागि निवेदन पेश गर्न सक्नेछ।

(२) केन्द्रले उपदफा (१) बमोजिम प्राप्त तथ्यांकहरुको अभिलेख गरी उक्त योजनाको संरचना तथा पाइपलाइन लगायत समस्या ग्रस्त प्रणालीको सुचारुपना अध्ययन (Functionality study) गरी लागत अनुमान तथा **अनुसूची २** बमोजिम योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन मूल्याङ्कन प्रतिवेदन सहित दफा ७ बमोजिम योजनाको अवस्थाको विवरण १५ दिन भित्र व्यवस्थापन समितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भए पश्चात दफा ९ मा उल्लिखित प्राथमिकताका आधारमा समितिले मर्मत सम्भार सम्बन्धी निर्णय गर्नेछ।

९. **मर्मत सम्भारको लागि प्राथमिकता निर्धारण:** (१) दफा ८ बमोजिम मर्मत सम्भारका लागि पेश भएका योजनाहरुको प्राथमिकीकरण देहायका आधारमा गरिनेछ।

(क) सेवा अवरुद्ध भै खानेपानीको वैकल्पीक व्यवस्था नभएका योजनाहरु

(ख) तत्काल लगानी नगर्दा ठूलो क्षति पुग्ने र आयोजनाको मर्मत निकै खर्चिलो हुन सक्ने योजनाहरु

(ग) सेवा अवरुद्ध भै हाल प्रयोग भैरहेको वैकल्पीक खानेपानीको स्रोतमा पानी लिन आउदा जाँदा १५ मिनेटको दुरी भन्दा टाढा जानु पर्ने योजनाहरु

(घ) केन्द्रको अवधारणा बमोजिम गाउँपालिका र उपभोक्ता समिति बीच आपसी समझदारी पत्रमा हस्ताक्षर भइ सोहि बमोजिम कार्य गर्न प्रतिवद्द योजनाहरु

(ङ) सम्बन्धित उपभोक्ता समूहले यस कार्यविधिमा तोकिए भन्दा बढी लागत सहभागिता जुटाउन प्रतिवद्धता गरेका योजनाहरु

(२) उपदफा (१) बमोजिमको प्राथमिकीकरण गर्दा सम्बन्धित उपभोक्ता समितिले देहायका दायित्वहरु पुरा गरे नगरेको सुनिश्चित गरिनेछ र उल्लिखित दायित्व पुरा नगरेका योजनाको गाउँपालिकाले मर्मत सम्भार प्राथमिकतामा मूल्यांकन गर्न बाध्य हुनेछैन।

(क) गाउँपालिकामा दर्ता वा सुचिकृत भएको,

(ख) नियमित रुपमा नविकरण गरेको,

(ग) गाउँपालिकाले तोकेको अन्य विवरण पेश गरेको,

(घ) उपभोक्ता समितिको आफ्नै मर्मत सम्भार कोष भए नभएको,

(ङ) मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन भए नभएको,

(च) योजना क्षेत्रका सवै उपभोक्ताहरु पुर्ण सरसफाइका सवै सुचक पुरा गरी योजना क्षेत्र पुर्ण सरसफाइ घोषणा गर्न प्रतिवद्द भए नभएको,

(छ) सेवा स्तर सुधार गर्न इच्छुक उपभोक्ता समिति तथा नगद लगानी साझेदारी गर्न उपभोक्ताहरु प्रतिवद्द भए नभएको, र

(ज) पानीको बहुउपयोग गरी जिविकोपार्जन कृयाकलापहरु संचालन गर्न समुदाय तथा उपभोक्ताहरु प्रतिवद्ध भए नभएको।

१०. **योजनाको वर्गिकरण:** दफा ३ बमोजिम पहिचान भएका योजनाहरुलाई मर्मत सम्भार आवश्यकताका आधारमा देहाय अनुसार वर्गिकरण गरी बिश्लेषण गरिनेछ।

(क) सूचारु योजना

(ख) सुचारु तर मर्मत आवश्यक भएका योजना

(ग) सूचारु नभएका योजना

(२) मर्मत सम्भारका आधारमा आयोजनाहरुलाई देहाय बमोजिम बर्गिकरण गरिनेछ।

(घ) सानो मर्मतका योजना

(ङ) ठूलो मर्मतका योजना

(च) पुनर्स्थापना तथा पुननिर्माण गर्नुपर्ने योजना।

**११. लागत साझेदारी:** आयोजना मर्मत सम्भारका लागि देहायबमोजिमको लागत साझेदारी गर्नु पर्नेछ।

| आयोजनाको प्रकृति | आयोजनाको अवस्था | उपभोक्ता | गाउँपालिका |
|---|---|---|---|
| १. सूचारु तर मर्मत सम्भार आवश्यक भएका आयोजनाहरु | प्रति धारा लागत रु ५०० सम्म लागत आवश्यक पर्ने **सामान्य मर्मतका** आयोजनाहरु। | १००% | |
| | प्रति धारा लागत रु ५०१ देखि १००० सम्म लागत आवश्यक पर्ने **सामान्य मर्मतका** आयोजनाहरु। | ७०% | ३०% |
| | प्रति धारा लागत रु १००१ देखि माथी लागत आवश्यक पर्ने **सामान्य मर्मतका** आयोजनाहरु। | ५०% | ५०% |
| | ठूलो मर्मत आवश्यक भएका आयोजनाहरु | २०% | ८०% |
| २. सुचारु नभएका आयोजनाहरु | पूर्णकाल सम्म सेवा दिईसकेका वा डिजाइन अवधी सकिएका वा मूल सुकेर आयोजनाले सेवा दिन नसक्ने भएका आयोजनाहरु जसलाई पुनर्स्थापना र पुनर्निर्माण गर्नु पर्ने आयोजनाहरु। | २०% | ८०% |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै खानेपानी योजनामा उपभोक्ता समिति निश्कृय रहेको अवस्थामा वडा कार्यालय मार्फत सम्बन्धित उपभोक्ताको भेला बोलाई भेलाको सहमतिले लागत साझेदारीको अंश प्रतिवद्धता गराई वडा समितिले सिफारिस गरेमा उक्त योजनालाई मर्मत सम्भारको प्रक्रियामा लगिनेछ।

## परिच्छेद ४

## सामाग्री तथा पाटपुर्जाको व्यवस्थापन

**१२. निर्माण सामग्रीको व्यवस्थापन गर्नु पर्ने:** (१) योजना निर्माणका लागि खरीद गरिएका वा जुनसुकै तरिकाबाट प्राप्त हुन आएका निर्माण सामाग्रीहरुको लगत राखी  योजना निर्माण सम्पन्न भए पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरु मध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु र भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने अन्य सामाग्रीहरु उपभोक्ता समितिले अलग गरी छुट्टा छुट्टै लगत खडा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लगत खडा गरी उपभोक्ता समितिले योजनाको लागि आवश्यक पर्ने सवै औजारहरु मर्मत संभार कार्यकर्ता वा उपभोक्ता समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउनेछ।

(३) भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने अन्य सामाग्रीहरु उपभोक्ता समितिले सम्बन्धित वडा अध्यक्षको रोहबरमा बिक्रि गरी आएको रकम मर्मत सम्भार कोषमा आम्दानी बाँध्न सक्नेछ।

(४) मर्मत सम्भार कार्यकर्ताले औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी वुझिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ।लापरवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ।

(५) उपभोक्ता समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ।

१३. **जगेडा पार्टपुर्जाको व्यवस्थापनः** (१) उपभोक्ता समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम् मौज्दात जगेडा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका पाटपुर्जाहरु खर्च भैसके पछि यथासक्य चाँडो उक्त पाटपुर्जाहरु सोधभर्ना गर्नु पर्नेछ।

(३) उपभोक्ता समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपूर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ।

## परिच्छेद ५
## मर्मत सम्भार कोष

१४. **मर्मत सम्भार कोषः** खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८० को दफा ३२ को खण्ड (ग) बमोजिम स्थापित मर्मत सम्भार कोषमा देहायका रकमहरु रहनेछन्;

(क) सभाले कोषका लागि बिनियोजन गरेको रकम

(ख) कुनै सरकारी तथा गैर सरकारी संस्थाले कोषका लागि उपलब्ध गराएको रकम

(ग) उपभोक्ता समितिले उपभोक्ताबाट मर्मत सम्भार कोषका लागि उठाएको रकम

(घ) सेवा प्रदायक वा उपभोक्ता समितिबाट खानेपानी महसुलबाट निश्चित रकम छुट्याएर मर्मत सम्भार कोषका लागि प्रदान गरिएको रकम,

(ङ) ऐन बमोजिम जरिवाना वापत संकलित रकम

१५. **मर्मत सम्भार कोषको प्रयोगः** दफा १० बमोजिमको कोषको रकम देहायका क्षेत्रमा खर्च गरिनेछ।

(क) यस कार्यविधि बमोजिम मर्मत सम्भारका लागि छनौट भएका आयोजनाको मर्मत सम्भार गर्न,

(ख) मर्मत सम्भार कार्यक्रर्ताको क्षमता विकास सम्बन्धी गतिविधि सञ्चालन गर्न,

(ग) खानेपानी आयोजनाको मर्मत सम्भारका लागि आवश्यक अत्यावश्यक औजार तथा उपकरणको खरिद गर्न, र

(घ) समितिले निर्णय गरे बमोजिमका मर्मत सम्भारसँग सम्बन्धित अन्य कार्य गर्न।

१६. **मर्मत सम्भार कोषको खर्च गर्ने विधि र प्रकृयाः** मर्मत सम्भार कोषको रकम खर्च गर्दा देहायका बिधि र प्रक्रिया अवलम्बन गरिनेछ;

(क) कोषको रकम खर्च गर्दा प्राविधिकको प्रमाणित विवरण सहित केन्द्रको सिफारिसको आधारमा वास व्यवस्थापन समितिको निर्णय अनुसार मात्र खर्च गरिनेछ,

(ख) मर्मत सम्भार कोषको रकमको छुट्टै अभिलेख गरी यस कार्यविधि बमोजिमको खानेपानी योजना मर्मत सम्भारमा मात्र खर्च गर्नु पर्नेछ र यो कोष अविछिन्न कोषको रुपमा रहने गरी आर्थिक बर्षको अन्त्यमा अन्यन्त्र सार्ने वा फ्रिज गरिने छैन।

(ग) विकास साझेदारहरुबाट समेत कोषका लागि रकम प्राप्त भएको अवस्थामा कोषको रकम खर्च गर्ने निर्णय गर्दा सम्बन्धित विकास साझेदारको प्रतिनिधिको अनिवार्य उपस्थित वा परामर्शमा निर्णय गर्नु पर्नेछ,

(घ) कोषको रकम कार्ययोजना बनाई सो बमोजिम र मर्मत गरिने प्रकृतिको प्राविधिक विवरण प्रमाणित गराएर मात्रै खर्च गरिनेछ,

(ङ) कोषको रकम खर्च सम्बन्धी अन्य व्यवस्था प्रचलित खरिद ऐन तथा नियम बमोजिम हुनेछ।

(च) विकास साझेदारहरु वा अन्य कुनै सम्बन्धित संस्थाले मर्मत सम्भार कोषमा लगानी भएको कोषको आन्तरिक तथा बाह्य लेखापरीक्षण गराउन चाहेँमा मर्मत सम्भार कोषसंग सम्बन्धित प्राप्ति र भूक्तानीको छुट्टै हिसाब अनिवार्य रुपमा लेखापरिक्षक समक्ष पेश गर्नु पर्नेछ।

(छ) कोषको रकमबाट हुने योजना मर्मत सम्भार कार्य का लागी योजना तर्जुमा चरण, तयारी चरण, कार्यान्वयनको चरण र कार्यान्वयन पश्चातको चरण गरी **अनुसुचि ३** बमोजिम चरणबद्द पद्दति अवलम्बन्न गरीनेछ।

## परिच्छेद ६
## बिबिध

**१७. उपभोक्ता समितिले मर्मत सम्भार सम्बन्धी आन्तरिक कार्यविधि बनाउनु पर्ने:** उपभोक्ता समितिले योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि योजनाको नियमित मर्मत सम्भार व्यवस्थापनलाई नियमन गर्न **अनुसूची ४** बमोजिमको ढाँचामा उपभोक्ता समिति योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि तयार पारी आम भेलाबाट स्वीकृत गराई लागु गर्नेछ।

**१८. वार्षिक मर्मत सम्भार कार्ययोजना बनाउने र अनुगमन गर्ने:** (१) उपभोक्ता समितिले वार्षिक रुपमा मर्मत सम्भार कार्ययोजना बनाई बार्षिक साधारण सभाबाट पारित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएको कार्ययोजनाको एक प्रति गाउँपालिका अन्तर्गत रहेको खानेपानी केन्द्रमा उपलब्ध गराउनु पर्नेछ र केन्द्रले सबै कार्ययोजना समेटेर एकिकृत कार्ययोजना बनाइ वास व्यवस्थापन समितिमा पेश गर्नेछ।

(३) मर्मत सम्भारको अनुगमनका लागि व्यवस्थापन समितले अनुगमन टोली शिफारिस गर्नेछ र अनुगमनले कम्तिमा **अनुसुची १** को नमूना ढाँचा बमोजिमको सूचना संकलन गर्नेछ।

**१९. व्यवसायीक योजना बनाउने:** आयोजनाको व्यवस्थापनको भार घटाई दिगोपनका लागि हरेक उपभोक्ता समितिले केन्द्रसंग समन्वयमा व्यवसायिक योजना तयार गरी कार्यान्वयन गर्न सक्नेछन्।

**२०. संशोधन, खारेजी वा वचाउ:** यो कार्यविधि संशोधन वा खारेज कार्यपालिकाको निर्णय बमोजिम हुनेछ

## अनुसूची १

*(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)*

**मर्मत सम्भारका लागि पेश पर्ने निवेदनको ढाँचा**

१. उपभोक्ता समितिको नाम …………………………………………..

मिति………………………….

२. ठेगानाः ……………………………………………………………

३. खानेपानी प्रणालीबाट लाभान्वीत घरधुरी ………….जनसंख्या…………………

४. खानेपानी प्रणाली शुरु निर्माण भएको बर्षः बि.स. ………………

५. खानेपानी प्रणालीको हालको अवस्था

| खानेपानी प्रणालीको हालको अवस्था *(संक्षिप्त रुपमा)* |
|---|
| |

६. **मर्मत गर्नुपर्ने संरचना र अनुमानित लागत**

| **मर्मत गर्नु पर्ने संरचनाहरु** | **अनुमानित लागत** | |
|---|---|---|
| | **गाउँपालिकाले व्यहोर्नु पर्ने रु** | **उपभोक्ताले व्यहोर्ने रु** |
| | | |
| | | |
| **कुल अनुमानित लागत** | | |

७. **उपभोक्ता समितिसँग सम्बन्धी अन्य जानकारी**

(क) उपभोक्ता समिति दर्ता तथा आवद्धता भएको मिति…………

(ख) अन्तिम नविकरण भएको मिति…………..

(ग) उपभोक्ता समितिको मर्मत सम्भार कार्यविधि भए/नभएको

(घ) …………….

## अनुसूची २

*(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)*

**<u>योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन मूल्याँकन फाराम</u>**

आ. ब. ...................... योजनाको नामः........................................

ठेगाना:...................................

| योजनाको न्यूनतम ग्राह्यता मापन / योजनाको सञ्चालन अवस्था | आधार |
|---|---|
| क) पूर्ण रुपमा सञ्चालित छ / छैन। | उपभोक्ता समितको प्रतिवेदन तथा अनुगमन<br>(बन्द भएको योजनाको थप मूल्याङ्कन गरिने छैन) |
| ख) आंशिक रुपमा सञ्चालित छ / छैन। | |
| ख) बन्द छ / छैन। | |

के योजना थप मूल्याङ्कनका लागि योग्य छ ?............

| क्र सं | सुचकांक | पुर्णाँक | प्राप्ताँक | अंक दिने आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | योजनाको सञ्चालनको हालको अवस्था | २० | | पूर्ण रुपमा सञ्चालित (२०) आंशिक रुपमा (१०) | |
| २ | उपभोक्ता समिति दर्ता तथा नवीकरण | ५ | | | |
| ३ | उपभोक्ता समितमा पूर्णता | २ | | | |
| ४ | उपभोक्ता समितिको नियमित बैठक | ५ | | नियमित (५) आवश्यकता अनुसार (२), नबस्ने (०) | |
| ५ | मर्मत सम्भार कार्यकर्ताको नियुक्ति तथा परिचालन | ८ | | | |
| ६ | सञ्चालन तथा मर्मत सम्भार कार्यविधिको पालना | ८ | | | |
| ७ | पानी सुरक्षा योजना कार्यान्वियन | ८ | | | |
| ८ | बार्षिक साधारण सभा | ५ | | | |
| ९ | जगेडा पार्टपुर्जाको व्यवस्थापन | ५ | | | |
| १० | सञ्चालन तथा मर्मत सम्भार कार्य योजना तथा पानी सुरक्षा योजनाको वार्षिक समिक्षा तथा पुनरावलोकन | ५ | | दुबै (५) सञ्चालन तथा मर्मत सम्भार कार्य योजनाको मात्रै (२.५) पानी सुरक्षा योजनाको मात्रै (२.५) कुनै नभएको (०) | |
| ११ | लेखा व्यवस्थापन तथा दस्तावेजीकरण | २० | | राम्रो (५) मध्यम (३) कमजोर (१) | |
| १२ | सहकारी संस्थामा आबद्धता | ५ | | | |
| १३ | सकृय मर्मत सम्भार कोष र नियमित शुल्क संकलन | ५ | | | |
| १४ | सकृय मर्मत सम्भार कोषको अवस्था | ४ | | स्थानीय स्तरमा लगानी (१) नगद (०) बैक (२) सहकारी संस्था (४) | |

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | परिमाण, पहुँच, बिश्वसनीयता, गुणस्तर | **४** | | परिमाण (प्रति व्यक्ति प्रति दिन ४५ लिटर पानी)(१)<br>पहुँच (पानी लिन जाँदा लाग्ने समय १५ मिनेट) (१) बिश्वसनीयता (वर्ष भरि धारामा पानी आईरहने) (१) गुणस्तर (पानीमा जैविक प्रदुषण नभएको) (१) | |
| १६ | आन्तरिक आम्दानी तथा खर्च अनुपात प्रतिशत | **३** | | २० % भन्दा कम (३)<br>२१ - ५० % (२)<br>५१ – ९० % (१)<br>९१ % भन्दा माथी (०) | |
| १७ | प्रतिवेदन | **३** | | तोकिएको समयमा नियमित प्रतिवेदन पेश (३) अनियमित (१) प्रतिवेदन पेश नगर्ने (०) | |

**मूल्याङ्कन समितिका सदस्यहरुको हस्ताक्षर, नाम, पद, कार्यालय र मिति**

१.
२.
३.
४.
५.

## अनुसुचि ३

मर्मत सम्भार कार्य गर्दा चरणबद्ध रुपमा अपनाउनु पर्ने कृयाकलापहरु

(खानेपानी तथा सरसफाइ मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन कार्यविधिको परिच्छेद ५ को दफा १६ (छ) …. संग सम्बन्धित)

**खानेपानी योजना मर्मत सम्भार कार्यका लागी अवलम्बन् गर्नुपर्ने चरणबद्ध कृयाकलापहरु**

| चरणवद्द क्रियाकलापहरु |
|---|
| **क. योजना तर्जुमा चरण** |
| १. उपभोक्ता समितिहरुको मर्मत सम्भार कार्ययोजना बमोजिम र पालिका तहमा एकिकृत कार्ययोजनाको आधारमा आकस्मिक बाहेकका मर्मत सम्भार गर्नुपर्ने योजनाहरुको लागी स्थानिय तह बार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन बमोजिम योजना प्राथमिकरण तथा छनौट। |
| **ख. तयारी चरण** |
| २. योजनाको गहन अवस्था विश्लेषण तथा चिरफार |
| ३. उपभोक्ता समिति गठन/पुन गठन तथा दर्ता |
| ४. योजना उपभोक्ता समिति र स्थानिय तह विच सेवा सहायता केन्द्रको अवधारणा वमोजिम कार्य गर्न समझदारी पत्र हस्ताक्षर तथा प्रतिवद्दता |
| ५. मर्मत सम्भार कार्यकर्तालाइ योजना मर्मत सम्भार सम्बन्धी ३ दिने पुनतार्जगी तालिम |
| ६. उपभोक्ता समितिहरुलाई मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन कार्यविधिका प्राबधानहरु तथा कोष परिचालनका बारेमा अभिमूखिकरण गर्ने |
| ७. पानीको गुणस्तर चेक गर्ने |
| ८. सुचारु नरहेको योजना तथा संरचनाहरुको सुचारुपना अध्ययन (Functionality Study) तथा पुनर्निर्माण गर्नुपर्ने योजनाको सम्भाव्यता अध्ययन गर्ने |
| ९. योजना सुचारुपनाका लागी आवश्यक प्राविधिक सर्भेक्षण तथा डिजाइन इस्टिमेट तयारी तथा स्विकृति |
| १०. आकस्मिक रुपमा मर्मत गर्नुपर्ने सानो मर्मतका योजनाहरुको लागत अनुमान सहीतको प्रतिवेदन वास व्यवस्थापन समितिमा पेश |
| ११. वास व्यवस्थापन समितिबाट मर्मत तथा सम्भारका लागी पेश भएका योजना निर्माणका लागी स्विकृत |
| **ग. कार्यान्वयनको चरण** |
| १२. योजना मर्मत सम्भार कार्यका लागी उपभोक्ता समितिको लागत साझेदारी सहीत उपभोक्ता समिति र पालिका विच सम्झौता |
| १३. मर्मत सम्भार कोषको रकम बाट पेश्की भूक्तानी (वाह्य निर्माण सामग्री खरिदका लागी आवश्यक ठहरीएमा) |
| १४. मर्मत सम्भार सम्बन्धि निर्माणका गतिविधि |
| १५. अनुगमन समितिबाट योजनाको अनुगमन |
| १६. पेश्की रकमको फरफारक, अन्तिम नापि किताव तयारी तथा अन्तिम भूक्तानी |
| **घ. कार्यान्वयन पछिको चरण** |

| | |
|---|---|
| १७. | मर्मत सम्भार क्रियाकलापको सार्वजनिक परिक्षण |
| १८. | पालिका तहको अनुगमन |
| १९. | NWASH मा तथ्याकं अद्यावधिक गर्ने |

## अनुसुचि : ४

उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन नमूना कार्यविधि
(खानेपानी मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन कार्य विधिको परिच्छेद ६ दफा १७ संग सम्बन्धित)

**उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि,**

**२०८१**

**प्रस्तावना**

........................................................ योजनाो आत्मनिर्भर एवं दीगो रुपमा सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि .........................गाउँपालिकाको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको परिच्छेद ३ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी, मिति ............. मा .............. घरको प्रतिनिधित्व गर्दै (जम्मा लाभान्वित घरसंख्या .........).......... महिला र ........... पुरुष सहभागी भै वसेको आमभेलावाट पारित गरी यो कार्यविधि लागु गरिएको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम ‘‘उपभोक्ता समितिको योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन कार्यविधि, २०८.......’’ रहनेछ ।

ख. यो कार्यविधि मिति ................(आमभेलावाट पारित भएको मिति) वाट लागु हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. ‘‘समिति’’ भन्नाले यस उपभोक्ता समितिलाई जनाउँछ ।

ख. ‘‘मर्मत सम्भार कार्यकर्ता’’ भन्नाले यस योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त प्राविधिकलाई जनाउँछ ।

ग. ‘‘धारा समूह’’ भन्नाले धाराको पानीको उचित प्रयोग तथा धाराको सामान्य मर्मत सम्भारको लागि सम्बन्धित धाराका उपभोक्ता घरधुरीमध्येवाट गठित महिलाहरुको समूहलाई जनाउँछ ।

घ. ‘‘उपभोक्ता’’ भन्नाले योजना निर्माणमा समेत योगदान गरी धारावाट पानी उपभोग गर्ने व्यक्ति वा योजनामा निर्माणमा सहभागि नभै निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिको निर्णय वमोजिम समावेश भएको व्यक्तिलाई जनाउँछ ।

ङ. ‘‘मर्मत सम्भार कार्ययोजना’’ भन्नाले योजनाको नियमित रेखदेख, सम्भार तथा मर्मतको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

च. ‘‘पानी सुरक्षा योजना’’ भन्नाले योजनाको मुहान, संरचनाहरु, पाइपलाइन तथा घरेलुस्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषणको सम्भावना (जोखिम) लाई अग्रीम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

छ. ‘‘आमभेला’’ भन्नाले खानेपानी योजनावाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ७५ प्रतिशत घरहरुवाट प्रतिनिधित्व भएको तथा जम्मा उपस्थित संख्याको कम्तिमा ५०% महिला सहभागि भएको भेलालाई जनाउँछ ।

**परिच्छेद २**

**समन्वय तथा संस्थागत व्यवस्था**

३. समितिमा जम्मा ....... सदस्यहरु हुनेछन्, जसमा कम्तिमा ५०% महिलाको सहभागिता अनिवार्य गरिएको छ। साथै योजनावाट लाभान्वित भएको सवै क्षेत्र, वर्ग तथा जातीय समुदायवाट समितिमा समानुपातिक प्रतिनिधित्व हुनेछ।

४. समितिको बैठक नियमित रुपमा कम्तिमा महिनाको एकपटक वस्नेछ।

५. हरेक वर्ष समितिले उपभोक्ता सदस्यहरुलाई सहभागी गराई वार्षिक साधारण सभा आयोजना गर्नेछ। समितिले उक्त साधारण सभामा वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पेश गरी सार्वजनिक परीक्षण गराउनेछ।

६. वार्षिक साधारण सभामा समितिको वार्षिक तथा आर्थिक प्रतिवेदन पेश गर्नुअघि समितिको बैठक वसी छलफल गरिनेछ। बैठकद्वारा पारित गरिएको आर्थिक तथा प्रगती प्रतिवेदन आमभेलामा पेश गरी अनुमोदन गराइनेछ। समितिको निर्वाचन वार्षिक साधारण सभाको माध्यमवाट गरिनेछ।

७. सवै बैठक तथा भेलाहरुको निर्णय समितिको निर्णय पुस्तिकामा लेखिनेछ।

८. प्रतिवेदनः समितिले योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्थाको वारेमा मासिक रुपमा वडा कार्यालयमा तथा बोधार्थ आवद्ध भएको सहकारी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ, गाउँ÷नगरपालिका शाखामा पेश गर्नेछ। वार्षिक साधारण सभाको प्रतिवेदनको एक एक प्रति सम्बन्धित गाउँपालिका÷नगरपालिका तथा सम्बद्ध सहकारी संस्थामा पेश गर्नेछ। समितिले उक्त निकायहरुलाई योजनाको विषेश अवस्थाको वारेमा प्रतिवेदन दिनु परेमा आवश्यक परेको वेलामा उक्त प्रतिवेदन दिनेछ।

९. लेखा व्यवस्थापन तथा दस्तावेजीकरणः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कोषको लेखा, निर्माण सामग्री, जगेडा पार्टपुर्जा तथा औजार लगायतका जिन्सी सामग्रीहरुको श्रेस्ता, बैठक निर्णय पुस्तिका, आगन्तुक पुस्तिका लगायतका अन्य खातापाताहरुको व्यवस्थापन चुस्तदुस्त रुपमा गर्नेछ।समितिले तोकेको अवधिमा सार्वजनिक परीक्षण तथा सुनुवाई गर्नु पर्नेछ.

१०. समन्वयः समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार कार्यको लागि खानेपानी तथा सरसफाई उपभोक्ता महासंघको सक्रिय सदस्यको रुपमा भूमिका निर्वाह गर्नेछ। उपभोक्ता सदस्यहरुलाई कृषि विकास, भूसंरक्षण तथा अन्य प्राविधिक सहयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, लगायतका अन्य विषयगत कार्यालयहरुसंग नियमित सम्पर्क तथा समन्वय कायम गरी सहयोग प्राप्त गर्ने तर्फ पहल गर्नेछ।

११. योजनामा स्थानीय स्तरमा समाधान गर्न नसक्ने गरी समस्या देखा परेमा वडा कार्यालयमा सहयोगको लागि अनुरोध गर्नेछ। वडा स्तरमा समेत सामाधान हुन नसक्ने भएमा गाउंपालिका÷नगरपालिकालाई सहयोगार्थ अनुरोध गर्न सक्नेछ।

## परिच्छेद ३

## योजना सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन

१२. समितिले योजनाको नियमित मर्मत तथा सम्भार गरी योजनावाट प्राप्त हुने नियमित सेवालाई सुनिश्चित गर्नको लागि एक मर्मत सम्भार कार्ययोजना वनाउनेछ। उक्त कार्ययोजना वार्षिक साधारण सभा वा आमभेलाले सिफारिस गरे वमोजिम नियमित रुपमा अद्यावधिक हुनेछ।

१३. समितिले तयार गरेको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजनाको सवै उपभोक्ताहरुले पालना गर्नेछन्। उक्त कार्ययोजना यसै कार्यविधिको एक अंशको रुपमा रहनेछ।

१४. योजना निर्माण पश्चात योजना क्षेत्रमा बाँकी रहन गएका पाईप, फिटीङ्ग, औजार तथा निर्माण सामाग्रीहरुमध्ये भविष्यमा योजनाको मर्मत सम्भार कार्यमा आवश्यक पर्न जाने सामाग्रीहरु समितिले अलग गरी लगत खडा गर्नेछ। अन्य (भविष्यमा मर्मत सम्भारको लागि प्रयोग हुन नसक्ने) सामाग्रीहरु बाँकी रहन गएमा उक्त सामाग्रीहरु समितिले बिक्रि गरी आएको रकम मर्मत सम्भार कोषमा आम्दानी बाँध्ने वा गाउंपालिका÷नगरपालिकाको निर्णय÷निर्देशन वमोजिम अन्य योजनाहरुलाई

हस्तान्तरण गर्न सक्नेछ । समितिले कम्तिमा वर्षको एक पटक औजारहरुको अवस्था जाँच गरी आवश्यकता अनुसार नयाँ औजारहरुको व्यवस्थापन गर्नेछ ।

१५. समितिले योजनाको लागि आवश्यक पर्ने सवै औजारहरु समितिले तोकेको सदस्यको मातहतमा रहने गरी सुरक्षित रुपमा भण्डारण गरी राख्ने व्यवस्था मिलाउनेछ । योजना मर्मतको समयमा मर्मत सम्भार कार्यकर्ताले उक्त औजारहरु सम्बन्धित जिम्मेवार व्यक्तिवाट भरपाई गरी वुझिलिई काम सम्पन्न भएपश्चात तुरुन्त भण्डारमा नै दाखिला गर्नुपर्नेछ । लापरवाही गरी औजारहरु हराएमा वा टुटफुट भएमा सम्बन्धित व्यक्तिवाट समितिले सोधभर्ना लिनेछ ।

१६. समितिले टुटफुट भैरहने वा वदलिरहनु पर्ने पार्टपुर्जाहरुको न्यूनतम मौज्दात जगेडा राख्नेछ । खर्च भैसकेपछि यथासक्य चाँडो उक्त पार्टपूर्जाहरुको पूर्ति गरिनेछ । (समितिले धारामा लाग्ने पार्टपूर्जाहरुको रकम समेत उपभोक्तावाट उठाउन सक्नेछ ।)

१७. समितिले योजनाको आवश्यक मर्मत सम्भारको लागि आवश्यक पर्ने पार्टपूर्जाहरु तथा औजारहरु खरिद गर्दा आवश्यक सामाग्रीको सूची तयार गर्नेछ । समितिले प्रचलित खरिद प्रकृया अपनाई उक्त सूची अनुसार निर्धारित गुणस्तर वमोजिमको सामान खरिद गर्नेछ ।

१८. समितिले खानेपानी योजनाका धाराहरुको उचित सम्भार तथा सामान्य मर्मतको लागि लाभान्वित घरधुरीवाट एक एक जनाको प्रतिनिधित्व हुने गरी महिलाहरुको धारा समूह गठन गर्न सहयोग गर्नेछ । उक्त समूहले पानीको उचित प्रयोग गर्ने, प्रयोग नभएको अवश्थामा धाराहरु वन्द गर्ने, धारा तथा सो को वरिपरि सरसफाई गर्ने, धाराको टुटी विग्रेमा सो को मर्मत गर्ने वासर फेर्ने, योजनाको अन्य सामान्य मर्मत गर्ने तथा घरवारी व्यवस्थापन तथा पूर्ण सरसफाइ प्रबद्र्धनका कार्य गर्नेछ । यसका साथै धारा समूहले पानीको निकास जाने नालीको व्यवस्था गर्ने, डिजाइन भन्दा बढि पानीको उपयोगमा रोक लगाउने तथा पानीको सही सदुपयोग र संरक्षणको सचेतना जगाउने कार्य गर्नेछ । साथै खेर गएको पानी संकलन गरी घरवारी व्यवस्थापनका कार्यहरु गर्नेछ ।

१९. अनावश्यक रुपमा पानीको अत्याधिक भण्डारण गर्ने, अरु धाराहरुमा असर पर्ने गरी तरकारी÷सिँचाई आदिमा प्रयोग गर्न पाईने छैन । तर विषेश अवस्थामा विवाह÷व्रतवन्ध÷धार्मिक÷साँस्कृतिक कार्यहरुको लागि समितिले अतिरिक्त समयमा रु............शुल्क लिई वा सित्तैमा पानी उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

२०. **जरिवानाः** समितिले निम्न अवस्थामा उपभोक्ताहरुवाट जरिवाना उठाउने वा अन्य कार्यवाही गर्न सक्नेछ । यसरी उठेको जरिवाना रकम मर्मत सम्भार कोषमा जम्मा हुनेछ । समिति र मर्मत सम्भार कार्यकर्ताका साथै धारा समूहहरुले योजनाको सदुपयोग गर्न, टुटफुट हुन नदिनको लागि रेखदेख तथा अनुगमन गर्नेछन् ।

क. धाराको टुटी विग्रेमा धारा समूहले परल मूल्य तिरी समितिवाट धारा टुटी प्राप्त गर्नेछ । विग्रेको दुई दिन भित्र टुटी मर्मत नगरेमा वा नयाँ टुटी नबदलेमा समितिले सो धाराको पानी वन्द गर्न सक्नेछ ।

ख. प्रयोग नभएको अवश्थामा धारा खुल्लै छोडेको पाइएमा पहिलो पटक चेतावनी दिनेछ र पुनः यसो भएको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

ग. धाराको टुटीमा पाइप लगाई घरसम्म पानी लैजाने वा टी जडान गर्न पाइनेछैन । कुनै उपभोक्ताले यसो गरेको पाइएमा समितिले पहिलो पटक चेतावनी दिई सो कार्यमा प्रयोग भएको पाइप नियन्त्रणमा लिनेछ । पुनः सो कार्य गरेको पाइएमा धारा काटिनेछ । काटिएको धारा पुन जडान गर्न धारा समूहले समितिमा आइन्दा यसो नगर्ने प्रतिवद्धता सहित निवेदन दिनुपर्नेछ र समितिले रु. ....... जरिवाना लिई धारा पुनः जडान गरिदिनेछ ।

घ. कुनै धारामा उक्त पानीको वहाव नियन्त्रण गर्ने भल्व अनाधिकृत रुपमा चलाई बढि पानी निकालेको पाइएमा वा संरचनाहरुको गेट भल्व लगायत फिटीङ्गस्हरु अनाधिकृत रुपमा चलाएको पाइएमा पहिलोपटक रु.......... , दोश्रो पटक रु ............ र तेश्रो पटक रु. .......... जरिवाना गरिनेछ । पटक पटक यस्तो कार्य भएको पाइएमा धारा काटिनेछ । यसरी धारा काटिएमा

माथिल्लो उपदफा वमोजिमको प्रकृया अपनाई पुनः जडान गराउन सक्नेछ। यसरी अनाधिकृत रुपमा फिटीङ्गस्हरु चलाउँदा टुटफुट हुन गएमा विगो भराई विगो वरावर थप जरिवाना गरिनेछ।

ङ. समितिको कार्यक्षेत्र भित्रका व्यक्तिले योजनाका संरचनाहरु, तारवार, पोल, गेट आदि भत्काएमा वा नोक्सानी गरेमा वा पाइपलाइन काटेमा समितिले नोक्सानी भए वरावरको विगो भराइ विगो वरावर थप जरिवाना गर्नेछ।

च. समितिको कार्यक्षेत्र भन्दा वाहिरका व्यक्तिहरुले योजनाको संरचनाहरुमा हानी नोक्सानी पु¥याएको पाइएमा समितिले सम्बन्धित गाउँपालिका/नगरपालिका/अन्य निकायमा उजुरी दिई प्रचलित कानून वमोजिम उक्त नोक्सानीको क्षतीपूर्ति भराई लिनेछ।

छ. समितिले तयार गरी आमभेलावाट पारित भएको सञ्चालन तथा मर्मत सम्भार कार्ययोजना वमोजिमको जिम्मेवारी सवै सम्बन्धित उपभोक्ताहरुले पालना गर्नुपर्दछ। यदि कसैले उक्त कार्ययोजना पालना नगरेमा वा समितिले आव्हान गरे वमोजिम श्रमदान नगरेमा समितिले प्रतिदिन प्रतिव्यक्ति रु. ......... का दरले जरिवाना असुल गर्नेछ।

**२१. इन्टेक÷श्रोत तथा अन्य संरचना संरक्षण**

क. समितिले इन्टेक÷श्रोत संरक्षण तथा वातावरण संरक्षण गर्ने कार्यलाई प्रवद्र्धन गर्नेछ। विषेशतः प्रयोग भएको श्रोतको जलाधार क्षेत्रको संरक्षणमा विषेश ध्यान दिइनेछ। इन्टेकको नियमित सफाइ गर्ने तथा पानीका श्रोत वरिपरि वृक्षारोपण गर्ने एवं श्रोतको सुरक्षाका लागि श्रोतभन्दा माथिल्लो धरातलमा रहेका घरपरिवारहरुलाई फोहरको सुरक्षित विषर्जन तथा शौचालयको प्रयोग गर्ने र श्रोत वरिपरि सफा राख्नको लागि पहल गर्नेछ।

ख. समितिले श्रोतमा पानीको बहावलाई कायम राख्न पानी पुनर्भरण सम्बन्धि कृयाकलापहरु प्राथमिकताका साथ गर्नेछ।

ग. एकपटक पुरिएको पाइपलाइन पुनः धसिने भएकोले समितिले समुदाय परिचालन गरी उक्त पाइपलाइनलाई पुनः पुर्ने र उक्त पाइपलाइन रुटमा घाँस रोप्ने व्यवस्था मिलाउनेछ।

घ. समितिले पानी पोखरी, सी.सी, डि.सी. तथा अन्य संरचनाहरुको सुरक्षाको लागि टेवा पर्खाल÷केतुकी÷रम्बाँस आदि स्थानीय प्रजातीका वोटविरुवा लगाउने र तारवारहरुको सुरक्षा गर्ने कार्यमा उपभोक्ताहरुलाई परिचालन गर्नेछ।

२२. समितिले योजनावाट वितरित पानीलाई सुरक्षित गर्नको लागि सवै उपभोक्ताहरुको सहभागितामा पानी सुरक्षा योजना तयार गर्नेछ। उक्त योजना अनुसार जिम्मेवारी पाएका हरेक सदस्य तथा उपभोक्ताले आफ्नो जिम्मेवारी निर्दिष्ट गरिएको समयमा पुरा गर्नुपर्नेछ। समितिले पानी सुरक्षा योजनाको समिक्षा÷अनुगमन एवं संशोधन समितिको बैठक तथा आवश्यकता अनुसार आमभेला मार्फत गर्नेछ। समितिले समुदायमा स्वास्थ्यको महत्वको वारेमा जनचेतना जगाउने तथा हात धुने, थापेर ल्याइएको पानीको सुरक्षित किसिमले चलन गर्ने र पानी शुद्धिकरण लगायत पानी सुरक्षा योजनामा उल्लेख भएका अन्य क्रियाकलापहरु सञ्चालनको प्रवद्र्धन गर्नेछ।

२३. समितिले योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा आवश्यक सहयोगको लागि मर्मत सम्भार कार्यकर्ता छनौट गरी तालीमको व्यवस्था मिलाउनेछ। मर्मत सम्भार कार्यकर्ता छनौट गर्दा त्यसका आधारहरु तथा प्रकृयाको वारेमा समुदायलाई जानकारी गराउनेछ र आवश्यकता अनुसार त्यसमा संसोधन गर्नेछ।

क. मर्मत सम्भार कार्यकर्ता छनौट गर्ने आधारहरु निम्न अनुसार तय गरिएको छ।

१. स्थानीय तथा उपभोक्ता घरधुरी भित्रको
२. १८ वर्ष पुरा भई ५८ वर्ष उमेर ननाघेको
३. महिला तथा पिछडिएको वर्गलाई प्राथमीकता
४. सामाजिक सेवाको भावना भएको
५. गाउँपालिका÷नगरपालिका वाहिर काममा जाने योजना नभएको
६. ...............................

ख. छनौट प्रक्रिया

१. समितिले इच्छुक व्यक्तिको सूची तयार गरी अन्तरवार्ता लिई योग्य व्यक्तिलाई अनुमोदनको लागि आमभेलामा पेश गर्नेछ ।
२. छनौट भएको व्यक्तिको काम गर्ने सम्बन्धी लिखित प्रतिवद्धता लिइनेछ ।
३. तालिमको ब्यवस्था समितिले मिलाउनेछ ।
४. समितिले सेवाका शर्तहरु तथा पारिश्रमिक समेत उल्लेख गरी नियुक्ती पत्र दिएर मात्र मर्मत सम्भार कार्यकर्तालाई काममा लगाउनेछ ।

२४. मर्मत सम्भार कार्यकर्ताको मासिक÷वार्षिक पारिश्रमिक रु. ...........(अक्षेरेपी ....................) वा समितिले निर्णय गरे वमोजिम हुनेछ । मर्मत सम्भार कार्यकर्ताको पारिश्रमिक समितिले मात्र भुक्तानी गर्नेछ ।

२५. योजना सञ्चालन तथा मर्मत सम्भारमा मर्मत सम्भार कार्यकर्ताको भूमिका र जिम्मेवारी निम्न अनुसार हुनेछ,

क. समितिको बैठकमा नियमित रुपमा भाग लिई योजनाको अवस्था वारे जानकारी दिने,
ख. योजनाका औजार तथा सामाग्रीहरुको उचित प्रयोग र सम्भार गर्ने,
ग. योजनाको मुहान देखि धारासम्म नियमित रुपमा निरीक्षण गर्ने,
घ. योजनाको सञ्चालन अवस्था अनुगमनमा नियमित रुपमा सहभागी हुने
ङ. टंकीहरुमा भएका भल्भ र फिटीङ्गहरुको नियमित निरीक्षण गर्ने,
च. साना तिना मर्मत कार्य गर्ने र ठूलो मर्मत गर्नुपर्ने भएमा उपभोक्ताहरुको तथा अन्य वाह्य प्राविधिकहरुको सहयोग समिति मार्फत माग गरी सम्पन्न गर्ने,
छ. योजनाका सवै अङ्गहरुको नियमित सरसफाइ गर्ने,
ज. महिला धारा समुहहरुलाई आवश्यक सहयोग गर्ने,
झ. योजना संभारका लागि समुदायका महिलाहरुलाई उत्प्रेरित गर्ने,
ञ. मुहान वरिपरिको रुख विरुवाको संरक्षण र वृक्षारोपणका लागि समिति र गाउँलेहरुलाई उत्प्रेरित गर्ने,
ट. मर्मत सम्भार कार्य योजना अनुसार आफ्नो जिम्मेवारी पूर्ण रुपमा निर्वाह गर्ने र समुदायका सदस्यहरुलाई गर्न उत्प्रेरित गर्ने,
ठ. चर्पी निर्माण, प्रयोग र संभारका लागि गाउँलेहरुलाई सचेत गराउने,
ड. खासगरि वर्षा याममा मुहानको रेखदेख र सरसफाई बढि गर्ने,
ढ. योजनाको आत्मनिर्भर र दिगो सञ्चालनका लागि समितिको सल्लाह वमोजिम आवश्यक अन्य कार्यहरु गर्ने,
ण. समितिको परामर्शमा "पानी सुरक्षा योजना" कार्यान्वयन गर्नमा अगुवाई गर्ने,
त. धारावाट खेर गएको पानीलाई करेसावारीमा उपयोग गर्न समुदायलाई सल्लाह दिने,

२६. समितिले सार्वजनिक धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा समितिले पानी शुल्क वापत प्रति घर रु...................(न्यूनतम रु. ५०) मासिक रुपमा उठाउनेछ ।

२७. निजी धारा प्रणाली भएको खानेपानी तथा सरसफाइ योजनामा मिटर जडान गर्नुपर्नेछ । सो प्रकारको योजनामा कम्तिमा निम्नानुसार पानी शुल्क लाग्नेछ ।

क. १० युनिट (१० हजार लिटर) सम्मको रु ........... (उदाहरणको लागि रु १५०)
ख. १० युनिट भन्दा माथि प्रति युनिटको पानी शुल्क निम्नानुसार लाग्नेछ ।

- १० युनिट सम्म प्रति युनिट रु .......(उदाहरणको लागि रु २०)
- ११ देखि १५ युनिट सम्म प्रति युनिट रु ....... (उदाहरणको लागि रु २३ )
- १६ देखि २० युनिट सम्म प्रति युनिट रु ....... (उदाहरणको लागि रु २६)

- २१ देखि २५ युनिट सम्म प्रति युनिट रु ....... (उदाहरणको लागि रु २९)
- २६ युनिट भन्दा माथि प्रति युनिट रु ....... (उदाहरणको लागि रु ३२)

ग. गाउँपालिका÷नगरपालिकाले दफा २७ को ‘क’ मा उल्लेखित पानी शुल्क दरमा फरक निर्धारण गरेमा सोही बमोजिम हुनेछ ।

घ. निजि धारा प्रणालीमा सार्बजनिक धारा भएमा पनि मिटर जडान अनिबार्य हुनेछ र पानी उपभोग गर्ने घरधुरीहरुले दामासाहिबाट शुल्क उठाउनु पर्नेछ ।

२८. प्रत्येक उपभोक्ताहरुको लागि समितिले पानी महसुल कार्डको व्यवस्था गर्नेछ । शुरुमा पानी महसुल कार्ड लिनको लागि उपभोक्ताहरुले रु ५० तिर्नेछ र हराएमा अर्को कार्ड लिन रु १०० तिर्नु पर्नेछ ।

२९. उपभोक्ताहरुले पानी शुल्क वापतको रकम हरेक महिनाको ......... गते –अर्को महिनाको पहिलो हप्ता भित्र) भित्र जम्मा गर्नेछन् । उक्त मिति भित्र पानी शुल्क नवुझाउनेलाई प्रति दिन रु. ........... का दरले विलम्ब शुल्क लाग्नेछ । अग्रीम रुपमा पानी शुल्क बुझाउनेलाई समितिले ....... % छुट दिईनेछ ।

३०. उठेको पानी शुल्कको ......प्रतिशत प्रत्येक उपभोक्ता समितिले गाउँपालिका÷नगरपालिकाको मर्मत कोषका लागी जम्मा गर्नुपर्नेछ ।

३१. समितिले मर्मत सम्भार कोष बृद्धिका लागि सहकारीमा आबद्ध भई खाता खोल्नेछ । समितिले योजनाको नियमित तथा आपतकालीन मर्मत कार्यको लागि न्यूनतम रु. .......... सहकारीमा मौज्दात राख्ने गरी बाँकी सबै पूँजी सहकारी मार्फत नियमानुसारको ब्याज दरमा लगानी गर्ने छ ।

३२. मर्मत सम्भार कोषको अभिवृद्धि गर्नको लागि समितिले विभिन्न अवसरहरुमा देउसी, भैलो, होली, देउडा, सांस्कृतिक कार्यक्रम लगायतका रचनात्मक कृयाकलापहरुको आयोजना गरेर रकम संकलन गर्नेछ । समितिले योजनामा रहेका औजारहरु भाडामा दिएर, तथा योजनामा अध्ययन भ्रमणको लागि आउने टोलीहरुवाट तोकिएको भ्रमण शुल्क लिएर समेत मर्मत सम्भार कोषमा जम्मा गर्न सक्नेछ । साथै पानी शुल्क भुक्तानी कार्ड उपभोक्ताहरुलाई बिक्री तथा पुनर्बिक्री, उपभोक्ताहरुबाट संकलित दण्ड जरिवाना, हर्जना आदि वाफतको प्राप्त रकम पनि मर्मत सम्भार कोषको आम्दानी हुनेछ । समितिले प्राप्त गर्ने पुरस्कार तथा अनुदान पनि योजनाको मर्मत सम्भार कोषको आम्दानी हुनेछ ।

३३. समितिमा रहेको कोषले नपुग्ने गरी ठूलो खालको मर्मत गर्नुपरेको खण्डमा आमभेलाले निर्णय गरे वमोजिम लाभान्वित घरसंख्याको आधारमा समानुपातिक रुपमा योजनाको मर्मतको लागि योगदान गर्नेछन् ।

३४. समितिले गाउँ÷नगरपालिका स्तरीय योजना सञ्चालन तथा मर्मत सम्भार कोष स्थापनाको लागि गाउँ÷नगरपालिका को योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका अनुसार आवश्यक कार्य गर्नेछ ।

३५. माथि दफाहरुमा जुन सुकै कुरा लेखिएको भएता पनि योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गाउँ÷नगरपालिकाको योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन निर्देशिका बमोजिम हुनेछ ।

## परिच्छेद ४

## सेवा सुधार तथा विस्तार

३६. समिति योजनाको प्राविधिक सिमीतताको वारेमा सचेत रहेको छ। योजनामा थप धाराहरु जडान भएमा तथा उल्लेख्य संख्यामा उपभोक्ताहरु थपिन गएमा योजनाले लक्ष्य अनुसार सेवा प्रदान गर्न नसक्ने कुरालाई ध्यानमा राखि समितिले योजनामा डिजाइन भै निर्माण भएको धारा वाहेक नयाँ धारा थप गर्नेछैन साथै कुनै पनि हालतमा सार्वजनिक धारा व्यवस्थापन भएको योजनावाट नीजि धारा जडान गर्नेछैन।

३७. नयाँ वसाइ सरी आउने वा पहिला योजनामा सहभागि नभई निर्माण सम्पन्न भएपछि सेवा प्राप्त गर्न चाहने घरहरुको लागि समितिले रु. .............. लिई सार्वजनिक धारावाट पानी उपभोग गर्न अनुमति दिन सक्नेछ।

३८. दफा ३६ मा जेसुकै उल्लेख गरिएको भए पनि योजनाको सुविधा स्तर बृद्धिको लागि सार्वजनिक धारा प्रणालीलाई निजी धारा प्रणालीमा स्तरोन्नती गर्न प्राविधिक तथा सामाजिक दृटिकोणबाट उपयुक्त ठहरिएमा गाउँपालिका÷नगरपालिकालाई आवश्यक सहयोगको लागि समितिले अनुरोध गर्न सक्नेछ।

## परिच्छेद ५

## अनुगमन तथा प्रतिवेदन

३९. समितिले योजनाको सञ्चालन अवस्था पहिचान गर्न  खानेपानी सुरक्षा टोलीलाई तोक्नेछ। खानेपानी सुरक्षा टोलीले योजनाको सञ्चालन अवस्था पहिचान गर्न मुहान देखि धारा सम्म नियमित अनुगमन गर्नेछ।

४०. दफा ३९ मा उल्लेखित अनुगमन मासिक रुपमा समितिको बैठक बस्नु भन्दा पहिले गर्नेछ। समतिले बैठकमा अनुगनमा देखिएका बिषयवस्तुहरुको बारेमा समिक्षा गर्नेछ र यदि समस्या देखिएमा समाधानका उपयाहरुबारे छलफल तथा निर्णय गर्नेछ।

४१. समितिको प्रतिवेदन पद्धति दफा परिच्छेद १ दफा ८ बमोजिम हुनेछ।

## परिच्छेद ६

## सरसफाइ, स्वच्छता तथा घरवारी व्यवस्थापन

४२. समितिले शौचालय, भाडा सुकाउने चाङ्ग, फोहर फाल्ने खाडल, धुँवा रहित चुल्हो, गोवरग्याँस प्लान्ट आदि निर्माण तथा उपयुक्त प्रयोग गर्नको लागि उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ। साथै पूर्ण सरसफाइ प्रबद्र्धन तथा महिनावारी स्वच्छता व्यवस्थापनको बाधकको रुपमा रहेको छाउपडी कुसंंस्कार  बिरुद्ध समितिले अभियानहरु सञ्चालन गरी महिनावारी भएको बेला चर्पी तथा धारा प्रयोगमा पहुँच अभिबृद्धि गर्नेछ।

४३. समितिले व्यक्तिगत, घरायसी तथा वातावरणीय सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहार तथा सुरक्षित रुपमा पानीको चलन गर्ने व्यवहारको नियमित रुपमा अनुगमन गर्ने व्यवस्था मिलाउनेछ। जसको लागि महिला धारा समुह तथा अन्य महिला सञ्जालहरुको परिचालन एवं नियमित अन्तरक्रिया गर्ने कार्यलाई निरन्तरता दिनेछ।

४४. समितिले प्रत्येक घरमा खेर गएको पानी संकलन गर्ने ट्यांकी÷खाडल निर्माण गरी घरवारी व्यवस्थापनमा प्रयोग गर्न सबै उपभोक्ताहरुलाई उत्प्रेरित गर्नेछ। सो नगर्ने घरपरिवारलाई रु ५० प्रति महिनाका दरले जरिवाना लगाईनेछ।

## परिच्छेद ७

## विविध

४५. बिशेषाधिकार:यस कार्यविधिमा भएका नियमहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार आमभेलामा रहनेछ।

४६. निर्णय कार्यान्वयन: समितिले समय समयमा गरेका निर्णयहरुको पालना गर्नु सम्पूर्ण उपभोक्ताहरुको कर्तव्य हुनेछ।

४७. निष्कृयता: यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए पनि तत्काल प्रचलित कानून तथा समितिको विधानसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

४८. विनियम बनाउने: समितिको विधान र यस कार्यविधिको अधिनमा रही समितिले योजनाका कृयाकलापलाई अझ स्पष्ट, पारदर्शी र नियमित गराउन विनियम वनाई लागु गर्न सक्नेछ ।

आज्ञाले,

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत